दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३८ | अंक २१९ | बुटवल | २०८३ भदौ ०३ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday August 19, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

## हलो जोत्ने घण्टप्रसादको अभियान



नारायण अधिकारी

२०३६ सालमा राजाले पञ्चायती व्यवस्थाको विकल्प रोज्ने अवसर दिए- सुधारिएको पञ्चायत मन पराउँछौं कि बहुदलीय व्यवस्था भनेर। यसको लागि जनमत संग्रह हुने भयो। म त्यति बेला १० कक्षामा पढ्थें। हामीमा पनि राजनीति चेतनाको झिल्को प्रवेश गऱ्यो। हामी त्यसै बहुदलवादी भैयो। चासो लिन थालियो।

यहि क्रममा बहुदल प्रचारको शिलशिलामा पाल्पाको लालपाटीमा मनमोहन अधिकारी आउनु भयो। त्यहाँ एकजना मदनपोखराकै मान्छेले जोशिलो भाषण गर्नु भयो, हाम्रा रौं ठाडा हुने र हामीलाई जुरुक्कै उचाल्ने गरी। उहाँले आफ्नो घाँटी को रुद्रघण्टी छोएर भन्नू भयो- मेरो नाम नै घण्टप्रसाद। म चेतनाको घण्टी बजाउँदै हिंड्ने मान्छे। यो पञ्चायतले गरिब गुरुवाको जाद्रै जो थिचोमिचो गऱ्यो। अब यसलाई मिल्काएर बहुदल ल्याउनु पर्‍यो। यसरी पहिलो पटक घण्टप्रसाद भन्ने मान्छेलाई मैले लालपाटीमा चिनें।

यिनी कम्युनिस्ट हुन्। बाहुन भएर पनि माडी फाँटमा हलो जोत्ने अभियान चलाउने यिनै हुन्। हलो जोत्दा झ्यालखान पनि परेका हुन्। यी कडा छन्। यिनले सबै जातले पढ्नु पर्छ भन्छन्, छुवाछूतको विरोध गर्छन्। झार फुक नगर, डाक्टरको मा जाउ भन्छन्। उहाँको बारेमा यस्ता धेरै कुरा उहाँ सँगसँगै हलो जोत्ने अभियानमा लागेका हाम्रो गाउँका वामदेव नेपालले हामीलाई बताउनु भयो। तर उहाँसँग सँगै बसेर उहाँका कुरा सुन्ने अवसर पाएको थिएन्।

म २०४१/ ४२ मा एक वर्ष जति पर्वत जिल्लामा बसें। स्व. हिरामणी सरले आफ्ना केही किताब फलेबास क्याम्पसलाई पठाइ दिनुभयो र म ती किताब छोड्न फलेबास गएँ। त्यहाँ एकजना बासँग भेट भयो - यज्ञप्रसाद लम्साल। मेरो घर पाल्पा भने पछि उहाँले घण्टप्रसाद सञ्चै छन् भनेर सोध्नु भयो। मलाई अचम्म लाग्यो, यति टाढाको मान्छेले घण्टप्रसादलाई कसरी चिन्यो ? उहाँले भन्नुभयो- 'हामी एउटै अभियानमा थियौं, हलो जोत अभियान। किसान संगठनमा पनि बसियो। राजनीतिमा पनि हिँडियो।'

त्यसपपछि त झन उहाँप्रति मेरो आत्मैदेखि आदर सम्मान बढेर गयो।

२०४६ सालको जन आन्दोलनको बेलामा कैयौं रात संगै छलफल गर्ने अवसर जुट्यो। उहाले मसँग आफ्ना निकै मजबुत र फराकिला हतकेला ल्याएर हात मिलाउन खोज्दा मैले त्यो हात समाएर शीरमा लगें। उहाँ अचम्म मान्नु भो। मैले भनें - हजुर मेरो बाको उमेरको मान्छे मलाई हात मिलाउन अप्ठेरो लागेर आशीर्वाद मागेको हुँ। उहाँले मेरो टाउकोमा हात राखेर भन्नु भयो - 'यस्तो संस्कार भएको मान्छेलाई मेरो सधैंभरी आशीर्वाद छ। नेपाली जनतालाई शोषणबाट मुक्त गराउने काममा सधैं लागिरहनु होला।' म कृतकृत भएँ। पछि समय क्रममा धेरै पटक एउटै कार्यक्रममा सहभागी हुने अवसर प्राप्त भयो। उहाँका कुरा जहिले पनि जोशिला र अग्रगामी खालका हुन्थे। म केही वर्ष रेडियो मदनपोखरासँग पदीय हिसाबले आबद्ध हुँदा उहाँसँग अझ नजिक हुन र उहाँका विचार बुझ्ने अवसर पाएँ।

मदनपोखरा हरेक क्षेत्रमा अगाडि नाम आउने गाउँ -राजनीतिक चेतना, सामुदायिक वन, आत्मनिर्भरता कार्यक्रम, तरकारी खेती, सामुदायिक रेडियो यस्तै कति हो कति। मदनपोखराको नाम आउने बित्तिकै सबैले चिन्ने नाम घण्टप्रसाद अर्याल- घण्टु बा, घण्टु दाइ, घण्टप्रसाद बुवा। उहाँको योगदान कति छ, त्यो त त्यहीँका जनतालाई थाहा छ। हामी छिमेकी गाउँमा बस्ने र उहाँको युगका युवा पुस्ताका लागि उहाँ एउटा प्रेरणाको श्रोत हुनुहुन्थ्यो। कतै केही काममा कसैले अल्छी गर्यो भने - उहाँ घण्टप्रसाद बा त अझैसम्म सामाजिक काममा हिंड्दै हुनुहुन्छ, तिमी हामीले अल्छी गर्ने हो र भनेर उदाहरण दिने उदाहरणीय व्यक्ति हुनुहुन्थ्यो, उहाँ।

अब उहाँलाई गुमाइयो, दुःख लागेको छ। तर उहाँको योगदान, उहाँको प्रेरणा र आशीर्वादलाई सधैं मनन गर्दै उहाँप्रति शब्द श्रद्धाञ्जली अर्पण गर्दछु।

## स्व.घण्टप्रसाद अर्याल स्मृति विशेष:

# मदनपोखरा मोडलका अगुवा



राजेशकुमार अर्याल




'पाल्पामा २००७ सालको क्रान्तिलाई तानसेनपछि सबभन्दा पहिला भित्र्याउने बहादुर गाउँ मदनपोखरा हो। यहीं जन्मेका घण्टप्रसाद अर्याल त्यस सन्दर्भका प्रथम पुरुष थिए।' -राजनीतिज्ञ कमलराज रेग्मी।

प्राचीन कोकल थुमलाई ओझेलमा पारी आधुनिक गाउँका रूपमा मदनपोखरालाई प्रख्याती दिलाउने मुख्य व्यक्तिहरूमा घण्टप्रसाद अर्यालको नाम अग्रपंक्तिमा आउँछ। उनी मदनपोखराका मात्र नरहेर पाल्पाको राजनीतिक, सामाजिक, शैक्षिक जागरणमा अत्यन्त ठूलो योगदान पुऱ्याएका व्यक्ति हुन्। राणाशासन फ्याँक्ने २००७ सालको जनक्रान्तिका सहभागी हुन्। पञ्चायती व्यवस्था र राजा विरोधी आन्दोलनका नेता हुन्। किसान आन्दोलन र जनसङ्घर्षमा खारिएका क्रान्तिकारी नायक हुन्। जाली, फटाहा, सामन्तर शोषक विरोधी आन्दोलनको अग्रमोर्चामा खटिएका बहादुर योद्धा हुन्। स्थानीय समुदायमा सामुदायिक भावना, श्रमप्रतिको आस्था, आपसी एकता पैदा गराएर विकासको सुत्रपात गराउने अगुवा हुन्। नयाँ र नवीन प्रविधि भित्र्याउने अन्वेषक हुन्। मदनपोखराको काम र नामलाई देशव्यापी बनाउने प्रचारक हुन्। सारमा मदनपोखरा इतिहासको निर्माता र विकासका नायक हुन्।

**वन वातावरणमा अग्रसरता र मदनपोखरा मोडल**

प्राकृतिक स्रोत व्यवस्थापनको इतिहासमा मदनपोखरा एउटा गाउँ मात्र होइन, यो एक जीवन्त दर्शन र प्रयोगशाला हो। वि.सं. २०१३ सालमा प्रदूषित पानीका कारण गाउँमा हैजा जस्तो महामारी फैलिन्छ। एउटै घरमा एकपछि अर्को व्यक्तिको ज्यान जान्छ। लगालग लास पर्छ। यस्तो हृदयविदारक दृष्यले घण्टप्रसाद अर्याल र स्थानीय मानिसहरुलाई गहिरोसँग झस्कायो। त्यसपछि गाउँमा पानीको मुहान सरसफाइ, मूल संरक्षण र नलबाट पानी ल्याएर कलधारा सञ्चालन गर्ने अभियानको थालनी हुन्छ। महामारीको घटनापछि मदनपोखरामा वातावरणीय चेतना र जनस्वास्थ्य अभियानको जग बस्छ। जुकिया मूलदेखि कलधारासम्म सफा पानी आउने वातावरण बन्छ, महिला र पुरुषको अलग अलग धारा निर्माण गरिन्छ।

यसैगरी वि.सं. २०३० को दशकमा जब नेपालका मध्य पहाडी क्षेत्रहरू भू-क्षय, बाढी पहिरो, वन विनासको तीव्र सङ्कटबाट गुजारिरहेका थिए, त्यो बेला मदनपोखराले एउटा नवप्रवर्द्धनकारी बाटो देखायो-'वन जोगाउने जिम्मा स्थानीय समुदायलाई दिने।' वन जंगल र वातावरण क्षेत्रका लागि यो ऐतिहासिक अभियानका मुख्य दूरदर्शी अगुवा घण्टप्रसाद अर्याल सर्वस्वीकार्य व्यक्तिका रूपमा खडा भए। मूलगैरा वनबाट सुरु भएको यही सामुदायिक वनको अवधारणा, वन संरक्षण र वातावरणीय चेतना नेपालकै लागि एउटा ऐतिहासिक मार्गदर्शन बन्यो।

सरकारी ऐन, नियम र वन विभागको उपस्थिति बलियो नभएका बखतमा घण्टप्रसाद अर्यालले मदनपोखरामा वातावरणीय जागरणको जग बसाले। सरकारी बजेट र प्राविधिक अनुदानको बाटो नहेरी स्थानीय गाउँलेहरूलाई एकजुट बनाए। रुख काट्न नपाइने, काठ दाउराको निकासी गर्न नहुने, मनपरि ढंगले चरिचरण गराउन नमिल्ने, चराचुरुङ्गी र वन्यजन्तुलाई असर पुग्ने क्रियाकलाप गर्न बन्देज लगाउने जस्ता सामाजिक नियम बाँधे। वनको नियमित रेखदेख र हेरचाहका लागि पालो प्रणाली बाँधियो। गाउँलेहरूको सहभागितामा मानापाथी उठाएर वन हेरालु राख्ने मौलिक परम्परा बसालियो। सरकारी वन कर्मचारी र गाउँलेहरू बिचको अविश्वासलाई तोडेर मदनपोखरामा वन संरक्षण, विकास र उपयोगमा आम जनसहभागिता जुट्यो। यसरी सामुदायिक वन, वातावरण र सामाजिक अग्रसरताका कारण घण्टप्रसाद अर्याल स्वर्णीम अध्यायका रचयिता मात्र होइन, नेपालको नमूना र आदर्श गाउँ मदनपोखरा निर्माणका एउटा बलियो खम्बाका रूपमा स्थापित हुन पुगे।

मदनपोखरामा घण्टप्रसाद अर्यालको नेतृत्वमा भएको वन संरक्षण, वातवरणीय सचेतना अभियान र समुदायको सहभागितामा वन व्यवस्थापन कार्यको सफलताले नेपाल सरकारलाई वन ऐन २०४९ ल्याउन र विकेन्द्रीकृत सामुदायिक वन नीति निर्माण गर्न ठूलो प्रेरणा दियो। सामुदायिक वनका उपभोक्ताहरूको साझा मञ्च सामुदायिक वन उपभोक्ता महासंघको अवधारणा विकास हुन र नेपालका हजारौं हेक्टर नाङ्गा डाँडाहरू हरियालीमा परिणत हुन मदनपोखराले 'पाइलट प्रोजेक्ट' को काम गऱ्यो।

**विश्वव्यापी प्राज्ञिक मञ्चमा मदनपोखरा र घण्टप्रसाद**

घण्टप्रसाद अर्याल केही समय लेखपढ गरेको सामान्य साक्षर व्यक्ति थिए, उनमा औपचारिक ज्ञान थिएन भन्दा हुन्छ। बाल्यकालीन समयमा मावली गाउँतिर गुरुकुल कक्षामा संस्कृतका श्लोक कष्ठस्थ पारेको, अक्षर पढ्ने र लेख्ने गरेको देखिन्छ। तर शिक्षा र चेतनाका लागि जीवनभर सङ्घर्ष गरे। सामान्य साक्षर मान्छेले हासिल गरेको व्यवहारिक ज्ञान र नेतृत्व विश्वका प्रतिष्ठित विश्वविद्यालयहरूका लागि पनि अनुसन्धानको विषय बनेको छ।

नोबेल पुरस्कार विजेता अर्थशास्त्री एलिनोर ओस्ट्रोमले आफ्नो अनुसन्धानमा मदनपोखरा जस्ता नेपाली गाउँहरूलाई देखाउँदै स्थानीय समुदायले सार्वजनिक सम्पत्तिको दिगो संरक्षण गर्न सक्छन् भन्ने सिद्धान्त स्थापित गरेका छन्।

» बाँकी ३ पेजमा

# कर्मशील समाज सुधारक



गोविन्द भट्टराई

घण्टप्रसाद अर्यालका केही कमिकमजोरी थिए, तर अधिकांश असल कर्मका कारण उहाँ धेरैका प्रिय व्यक्तित्व बन्न सफल हुनुभयो। पाल्पा मदनपोखराका अर्यालबारे केही लेखिपठाउन दैनिक लुम्बिनीका सम्पादकको आग्रह पछि घोत्लदै थिएँ। "उल्लुका घण्ट सज्जनका प्रसाद" शीर्षकमा निकै पहिले पंक्तिकारको फिचर दृष्टि साप्ताहिकमा प्रकाशित भएको साथी लक्ष्मण देवकोटाले सम्झाउनुभयो। कुनैबेला उहाँको नाम सुनेरै धेरैले पुराना प्रगतिशील त कतिले समाजसुधारक व्यक्तित्व भनेर तारिफ गर्दथे। मदनपोखरामा जन्मेर समाजमा व्याप्त विकृति, विसंगतिविरुद्ध आवाज उठाउने घण्टप्रसादको नश्वर देह अब रहेन। घर-घरमा गोरु पालेर हलीका भरमा खेती गर्ने अनि बाहुन भएकै कारण हलो जोत्न हुँदैन भन्थ्यो, समाजले। छोइछिटो प्रथा जीवित थियो। आलोचनाका बाबजुद हाल तानसेन नगरपालिकाको वडा नम्बर ८, मदनपोखरा तथा पुरानो मदनपोखरा गाउँपञ्चायत वडा नम्बर ९ निवासी घण्टप्रसाद अर्यालले परम्परागत मूल्य, मान्यतालाई चुनौती दिँदै हलो जोत्न सुरु गर्नुभयो। मानिस मानिसमा के को छुवाछुत ? भनेर विद्रोह गर्नुभयो।

हाल तानसेन नगरपालिका वडा नम्बर ८ का वडाध्यक्ष सोमनाथ अर्यालका अनुसार, सामन्ती संस्कारको विरोधस्वरुप बाहुनहरूलाई मदनपोखरा, माडीफाँटमा लगेर हलो जोत्ने अभियान थाल्नुभएका घण्टप्रसाद अर्यालले जुनकुनै आफ्नो काम आफैं गर्नुपर्छ भनेर काम गर्न उत्प्रेरित गर्नुहुन्थ्यो। बाहुनले हलो जोतेकै कारण अर्यालको परिवारले अनेकन सामाजिक समस्या भोग्नुपरेको थियो। २००५ सालदेखि नेपाली कांग्रेसमा आबद्ध घण्टप्रसाद २००८ सालमा नेपाल कम्युनिस्ट पार्टीमा प्रवेश गर्नुभएको बताइन्छ। कांग्रेस नेता काशीनाथ गौतम (घर अर्घाखाँची) त्यसबेला केही समय मदनपोखरालाई आधार बनाएर राजनीतिमा क्रियाशील रहेकै बखत घण्टप्रसादसँग कुराकानी हुने गरेको थियो।



सामन्ती प्रणालीको विरोधी घण्टप्रसादले तमसुक च्यात्ने अभियान अगाडि बढाउनुका साथै तत्कालीन भकारी प्रथाको विरोध गर्नुभयो। आफूलाई तत्कालीन सत्ताले विभिन्न वहानामा ११ पटक जेल हालेको सन्दर्भ उहाँले सुनाउनुहुन्थ्यो। राणाकालीन कुरितीविरुद्ध होस् वा पञ्चायती ज्यादती र हरप्रकारका सामाजिक शोषणकाविरुद्ध घण्टप्रसाद अग्रमोर्चामा रहनुभएको तानसेन नगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष तथा नेपाल पत्रकार महासंघ पाल्पाका पूर्व अध्यक्ष राजेशकुमार अर्याल बताउँनुहुन्छ। राजेशकुमार अर्याल घण्टप्रसादबारे अगाडि भन्नुहुन्छ-"सामाजिक क्षेत्रमा विकास निर्माणका अभियानमा आफैं अग्रसर हुने स्वभाव थियो, उहाँको। विकास वा प्रविधिबारे नयाँ कुरा सुनेपछि पारख गर्नुहुन्थ्यो। उन्नत कृषि, सामुदायिक वन संरक्षण, फलफूल रोप्ने होस् वा अन्य क्षेत्रमा उहाँले समाजमा अगुवाई गर्नुभयो। आफू साक्षर मात्रै भएर पनि शिक्षाका लागि मदनपोखराको शारदा विद्यालय तथा अन्य संस्था स्थापना गर्ने काममा उहाँ लाग्नुभयो।"

२००७ मा राणाशासन विरोधी आन्दोलनका क्रममा तानसेन शीतलपाटीमा भएको जुलुसको आफूले अगुवाइ गरेको बताउने घण्टप्रसाद अर्याल त्यसपछिका राजनीतिक आन्दोलनमा समेत खट्नुभयो। कम्युनिष्ट पार्टीको पक्षमा निरन्तर लागेका अर्यालले मदनपोखरामा आधुनिक कृषि, शिक्षा, विद्युत्, स्वास्थ्यलगायत पूर्वाधार विकासका क्षेत्रमा यथासक्य योगदान गरेको गाउँसमाजका अगुवामाझ चर्चा हुने गर्दछ।

वि.सं. २०१८ मा निर्वाचित भएर तथा २०२१ मा निर्विरोध ढंगले मदनपोखरा गाउँपञ्चायतको प्रधानपञ्च चुनिएर उहाँले प्रगतिशील ढंगले समाजमा आफ्नो प्रभाव छाड्न सफल हुनुभएको थियो। असल कर्मका बलमा राजनीतिक तथा सामाजिक व्यक्तित्व बनाउनुभएका घण्टप्रसाद अर्यालले सीमित साधनस्रोतकाबिच गाउँलेका समस्या र आवश्यकता सम्बोधन गर्ने कोशिश गर्नुभएको बताइन्छ।

» बाँकी २ पेजमा

सिद्धार्थ पब्लिकेशन(प्रा.लि.)द्वारा प्रकाशित
विश्वसनीय समाचारको विश्वासिलो साथी
दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
अनलाइन संस्करण lumbinipatrika.com
स्वतन्त्र र निष्पक्ष
जनताको लोकप्रिय पत्रिका
निजी क्षेत्रबाट निरन्तर प्रकाशित नेपालको राष्ट्रिय दैनिक 'दैनिक लुम्बिनी' सत्य, तथ्य र विश्वसनीय समाचारको माध्यमबाट जनअपेक्षी समाज र समृद्ध राष्ट्र निर्माणमा समर्पित।

स्वतन्त्र
कुनै पनि राजनीतिक वा आर्थिक स्वार्थबाट स्वतन्त्र रही सत्यको पक्षमा।
निष्पक्ष
सबै पक्षलाई समान दृष्टिले हेर्ने निष्पक्ष र वस्तुनिष्ठ पत्रकारिता।
जनताको लोकप्रिय
जनतासँग नजिक, जनताको कुरा उठाउने, जनविश्वासको प्रतिक।
तथ्यपरक समाचार, गहन विश्लेषण र सशक्त सम्पादकीयका साथ
तपाइँको भरोसा, हाम्रो प्रतिबद्धता
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार
गहन विश्लेषण र अनुसन्धान
समाज, अर्थतन्त्र, राजनीति, शिक्षा, स्वास्थ्य र खेलकुद
फोटो समाचार र विशेष रिपोर्ट
विचार, सम्पादकीय र साहित्य
सम्पर्क | ०७१-५३०६४०, ५३७६४० | WWW.lumbininews@gmail.com | बुटवल-११, माझगाउँ रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# सत्कर्मले सधैँ बाँचिरहनेछन्

सामुदायिक वन, कृषि र समुदाय परिचालनमा मुलुककै नमूना गाउँ मदनपोखराको विकासमा अतुलनीय भूमिका खेलेका घण्टप्रसाद अर्यालको ९९ वर्षको उमेरमा भएको निधन अपुरणीय क्षति हो । समाजमा लामो समय सत्कर्ममा लागेका व्यक्तिको निधन असामान्य हुन्छ । ९९ वर्षको उमेर दीर्घजीवनका रुपमा हेर्दा उत्कृष्ट हो । जन्म र मृत्यु स्वभाविक प्रक्रिया हुन्, तर जीवनको लामो समय समाजको उन्नयनमा लागेका घण्टप्रसादको अभाव यो समाजलाई सधैँ खड्किरहनेछ ।

२००७ सालको प्रजातान्त्रिक आन्दोलनमा पाल्पामा अगुवाको भूमिका खेलेका अर्यालले सामन्तवादी सोंच र व्यवहारविरुद्ध सधैँ विद्रोह गरे । बाहुनले हलो जोत्नु हुँदैन् भन्ने त्यसबेलाको समाजमा उनले हलो जोत्ने अभियान चलाएर सामाजिक जडताविरुद्ध विद्रोह गरे । राजनैतिक अभियान र समाज सुधारको लागि विद्रोह गर्दा उनी पटक-पटक पक्राउ परे, प्रहरी हिरासत र जेल परे । तर पनि उनको साहस र आँट डग्मगाएन् । मदनपोखरावासीलाई साथमा लिएर शिक्षा, खानेपानी, कृषि र सामुदायिक वन विकासका लागि निरन्तर अगुवाइ गरे । मदनपोखरामा स्कुल खोल्न र शैक्षिक अभियान चलाएर उनले नेतृत्वदायी भूमिका खेले । शारदा माध्यमिक विद्यालयलगायत शैक्षिक संस्थाको स्थापना र विस्तारले यहाँको समाजलाई जागरुक र चेतनशील बनाउन महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । सरसफाइ, खानेपानी र कृषिको व्यवसायिकरण गर्न पनि उनको योगदान देखिन्छ । मुलुकमा वन संरक्षणमा समुदायले गर्न सक्छ भन्ने सफल प्रयोग पहिलोपल्ट मदनपोखराले गर्‍यो । देशभर वन विनाश भइरहेको र त्यसले भूक्षयलगायतका विपत्ति निम्तिरहेको बेला त्यो अभियान साँच्चिकै लोभलाग्दो थियो । अन्ततः मदनपोखराकै मोडलमा सामुदायिक वन संरक्षणमा समुदायलाई अघि सार्ने राज्यले नीति लियो । सामुदायिक वन उपभोक्ता समूह बनाएर संरक्षण गर्ने अभियान चलायो । समुदायले नै वनलगायतका प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापन गर्नुपर्छ भन्ने अभियानको अगुवाइ गरेर अर्यालले सरकारलाई वन संरक्षणसम्बन्धी नीति बदल्न बाध्य पारे ।

समाज सुधारको अभियान एक्लै गरेर सफल हुने विषय होइन्, नागरिकको साथ र सहभागिता अनिवार्य शर्त हो । हक्की, आँटिला र निरन्तर खट्न सक्ने अर्यालले नै समुदायको साथ लिन सफल भए । उनको अगुवाइमा सामाजिक सुधारको अभियानमा एकाकार भए । आज कृषिको व्यवसायिक विकासमा मदनपोखरा अब्बल भएको छ । राजनैतिक रुपमा सचेत मदनपोखराले पाल्पामा थुप्रै नेतृत्वदायी अनुहार जन्माएको छ । तत्कालीन मदनपोखरा गाविसले मुलुकमै पहिलोपल्ट सामुदायिक रेडियो सफल सञ्चालन गरेर देखायो । आज मदनपोखराको विकास मोडल स्वदेशी र विदेशी अध्येताका लागि अध्ययन गर्ने थलो भएको छ ।

घण्टप्रसाद अर्याल अब भौतिक रूपमा छैनन् । उनको भौतिक अवसान भएको आज १३ दिन पुगेको छ । तर उनले मदनपोखरा गाउँलाई नमूना बनाउन, सचेत र जागरुक गाउँको रुपमा विकास गर्न उनले खेलेको भूमिका सधैँ जीवित रहनेछ । सत्कर्मले उनी युगौंसम्म बाँचिरहने छन् । समाजमा उनी जस्ता अगुवाको अभाव सधैँ रहनेछ । स्वर्गीय घण्टप्रसाद अर्यालप्रति हार्दिक श्रद्धाञ्जली ।

**कर्मशील** ....

मामाघर मदनपोखरा बसेर घण्टप्रसाद अर्यालले स्थापना गरेको शारदा माध्यमिक विद्यालयबाटै एसएसली उत्तीर्ण हाल नेपाली कांग्रेस पाल्पाका उप-सभापति झपेन्द्र गहिरे पुराना घटना सम्झँदै यसो भन्नुहुन्छ-"जातभातविरुद्ध आवाज उठाउने, बाहुनले पनि हलो जोत्न हुन्छ भनेर अभियान थाल्ने अनि २०३६ ताका बहुदलको पक्षमा भएको आन्दोलनमा समाज र विद्यालयका सबैलाई उतार्ने काममा उहाँको सशक्त नेतृत्व रहेको थियो । उहाँ राजनीतिक व्यक्तित्व मात्रै नभई सामाजिक अभियन्ता समेत हुनुहुन्थ्यो । ४ वर्ष म उहाँकै घरनजिक रहेको मेरो मावलीघर बसेर शारदा विद्यालयमा पढें । उहाँको साथी भोजराज पंगेनी (विचारी बुवा)को नाति हुनाले अर्यालले पनि मलाई नाति भन्नुहुन्थ्यो । आफ्नो काम आफैँ गर्नुपर्छ भन्ने भावना थियो अर्याल बुवामा । त्यसबेला सोमनाथ अर्याल, एकप्रसाद भण्डारी, झपेन्द्र जीसी, प्रेमनाथ बस्याल, हिरा नेपाल लगायतसँग भेट हुन्थ्यो । मलाई धेरैले भाञ्जाबाबु भनेर माया गर्नुहुन्थ्यो ।"

घण्टप्रसाद अर्यालबारे धेरैले सुनेका हुनाले मदनपोखरा पुग्ने जो कोही उहाँसँग भेटेर, उहाँका कुरा सुनेर नतमस्तक हुन्थे । विगतका कष्टप्रद दिनमा उहाँले निर्वाह गर्नुभएको सामाजिक तथा राजनीतिक भूमिकाले धेरै प्रभावित हुन्थे । पर्वतमा गुरुकुलमा बसेर साथै घरमै स्वअध्ययन बाहेक औपचारिक शिक्षाको अवसर नपाए पनि सामाजिक तथा राजनीतिक जिम्मेवारीबाट घण्टप्रसाद कहिल्यै भाग्नुभएन भन्नुहुन्छ राजेशकुमार अर्याल । राजनीतिसँग नजिकको साइनो रहे पनि शिक्षा, स्वास्थ्य, कृषि, विकास तथा प्रविधिका माध्यमबाट समाज सुधारका कार्यमा घण्टप्रसाद निरन्तर अग्रपंक्तिमा रहेर योगदान गर्नुभएको सोमनाथ अर्याल बताउँनुहुन्छ । घण्टप्रसाद अर्यालबारे पत्रकार लक्ष्मण देवकोटा लेख्नुहुन्छ-"उहाँको जीवन राणा शासन तथा शोषण विरुद्ध, पञ्चायती ज्यादतीविरुद्ध सधैँ परिवर्तन तथा विकासको पक्षमा सामाजिक सचेतनाका संवाहकका रुपमा व्यतित भएको पाइन्छ । घण्टप्रसाद विकासका अगुवा र सामाजिक सुधारका पक्षधर हुनुहुन्थ्यो ।" २०८३ साउन २२ घण्टप्रसाद अर्यालको निधन भयो । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले घण्टप्रसाद अर्यालका आफन्तलाई फोनमार्फत् योगदान स्मरण गर्दै समवेदना प्रकट गर्नुभयो । घण्टप्रसादको कर्म सम्झिँदै सामाजिक सञ्जालमा ओलीले लेख्नुभएको थियो-"पाल्पाको मदनपोखरालाई देशभर नमुना गाउँका रूपमा विशिष्ट पहिचान दिलाउने अभियानका अगुवा घण्टप्रसाद अर्यालको ९९ वर्षको उमेरमा निधन भएको खबरले मर्माहत बनाएको छ । उहाँले राजनीतिक, सामाजिक र शैक्षिक अभियानहरूमार्फत् गाउँलाई एकताबद्ध बनाएर परिवर्तनको बाटोमा हिँडाउने, मदनपोखरालाई आधुनिक विकासको मार्गमा अघि बढाउन महत्वपूर्ण योगदान पुर्‍याउनु भएको थियो । ..." ९९ वर्ष बाँच्नुभएका घण्टप्रसाद अर्यालको जीवनबाट नयाँ पुस्ताले कुरा होईन कामले मात्रै समाज सप्रन्छ भन्ने शिक्षा लिन सक्ने शैक्षिक अभियन्ता राधाकृष्ण शर्माको ठम्याइ छ ।

# प्रजातान्त्रिक आन्दोलनका अगुवा



झपेन्द्र जिसी

*राणा शासन कहिल्यै ढल्दैन भन्ने जबरजस्त भनाइ रहेको बेला राणा शासन विरोधी आन्दोलनमा जुट्नु पनि महत्वपूर्ण कुरा नै हो । २०१७ सालपछि उहाँ गाउँ पञ्चायतको प्रधानपञ्च भई जनसेवी काम गरेको पाइन्छ । ०३५/०३६ को विद्यार्थी आन्दोलनमा दमन भएको विरुद्धमा तानसेनमा आयोजित कार्यक्रममा पनि उहाँको सहभागिता रहयो । राजा वीरेन्द्रले आन्दोलनलाई मत्थर पार्न पञ्चायतमा केही पनि सुधार नगरिकन सुधारिएको पञ्चायती प्रजातन्त्र र बहुदलीय शासन व्यवस्थामध्ये कुन रोज्छौं रोज भनी २०३७ सालमा जनमत संग्रह गराउँदा उहाँ मदनपोखरामा बहुदलकै पक्षमै उभिनुभयो । त्यस्ता व्यक्तित्वको २०८३ साल श्रावण २२ गते निधन भएकोमा अत्यन्तै मर्माहत हुँदै हार्दिक श्रद्धाञ्जली अर्पण गर्नु हाम्रो कर्तव्य हो ।*





तत्कालीन पाल्पा कोकल पाला, हाल तानसेन नगरपालिका वडा नं. ८, मदनपोखरामा वि.सं. १९८४ असोज ९ गते घण्टप्रसाद अर्यालको जन्म भएको हो । उहाँको हजुरबुबा टुनाखर अर्याल र बाबा गिरिधारी अर्याल हो । तत्कालीन अवस्थामा स्थानीय गाउँमा कुनै विद्यालय नभएको हुँदा उहाँले पर्वत पाङ र हालको रम्भा गाउँपालिकाबाट साक्षार हुने अवसर पाउनु भयो । त्यतिखेरको पाठ्य सामग्री वनारसे लघु कौमुदी पढ्नुभयो ।

व्यक्तित्व-अत्यन्त हकी स्वभावका अर्यालजी निर्भिक र हिम्तिलो भएकै कारण आफूलाई मनमा लागेका र देखेका कुराहरु प्रष्टसँग राख्न नहिच्कच्याएको पाइन्थ्यो । मेरा बाबा कृष्णबहादुर जिसी भन्दा करिब ६ वर्षभन्दा कान्छा हुनुहुन्थ्यो । यो हिसाबले म उहाँको छोरा पुस्ताको हुँ । मैले आफ्नो उमेर अनुसार जान्दै बुझ्दै र देख्दै गर्दा उहाँ खुबै पढालेखा हो जस्ता देखिनु हुन्थ्यो भेटघाट कुराकानी गर्दा । उहाँ सामान्य साक्षर भएको मात्र थाहा भयो उहाँको शैक्षिक योग्यता । उहाँ सधैँ सफा सुग्घर भएर, सफा सुग्घर कफडा (पाइन्ट, सर्ट) जुत्ता लगाएर चिटिक परेर हिंड्ने लोभ लाग्दो देखिनु हुन्थ्यो ।

राजनीतिमा प्रवेशः २००७ सालमा पाल्पामा पनि राणा एकतन्त्रीय पारिवारिक राणा शासन अन्त्यको आन्दोलन उठ्यो । तत्कालीन युवाहरु पनि स्थानीय तहमा आन्दोलनमा जुटे । त्यतिखेरसम्म कम्युनिष्ट कांग्रेस नभनी सबैको एक मात्र उद्देश्य हुकुमी राणा शासनको अन्त्य गरी नागरिक अधिकार प्राप्ति नै थियो । यो भनाइलाई स्पष्ट पार्ने गरी तानसेन नगरपालिका मखनटोल निवासी नेता तथा गीतकार त्रिरत्न बज्राचार्यका गीतहरुलाई सोही टोलबासी शंकर कपालीको संगीतमा गाइएको गीतको अंश-

छ । यहीनेर भन्नुपर्छ राणा शासनको अन्त्य भयो भने पनि राजा कांग्रेस र राणा प्रधानमन्त्रीको दिल्ली सम्झौता अनुसार प्रधानमन्त्री मोहन शमशेर, गृहमन्त्री वीपी कोइराला आदि भए ।

यसैको सेरोफेरोमा क्रान्तिकारी कम्युनिष्ट नेता कमलराज रेग्मीको नेतृत्व र सहजीकरणमा मदनपोखरास्थित कमलकै साँहिला मामा मोतीराज घिमिरेको घरमा घण्टप्रसाद अर्याल, दुर्गाराज गौतम, खोमनाथ खनाल, बासु नेपालजस्ता दर्जनौं नेपाल कम्युनिष्ट पार्टीको गाउँ एकाइमा संगठित भए ।

त्यही एकाइ कमिटीको नेतृत्वमा वीर किसान हो... एवम् ए साथी बढ्दै क्रान्ति दिनदिन नेपालमा छिनछिन जस्ता गीतहरु गाएर जनतालाई नेकपाप्रति आकर्षित र गोलबन्द गर्ने काम भए ।

**संगीत अनुरागः**

उहाँ निर्भिकताका साथ गीतहरु भटाउने गरेको र अरु युवा नौजवानले साथ दिने गरेको झपेन्द्र जिसीद्वारा तयार गरिएको प्रकाशन उन्मुख दस्ताबेज छ । उहाँले तबेला, हार्मोनियम, खैंजडी, मजुरा, राम्ररी बजाउन जानेको र शारदा माविको विभिन्न कार्यक्रममा उक्त बाजाहरु बजाएर नानी बाबुहरुलाई नचाउनु हुन्थ्यो ।

हास्य कलाकार-उहाँले नाटक पनि खेल्नु हुन्थ्यो । पेट मिचीमचिी हसाउनु हुन्थ्यो । दर्शकहरुलाई विभिन्न अभिनय गरेर ।

**जाली फटाहा विरोधी आन्दोलन**

विर्ता प्रथा तोड आन्दोलन, मुखिया जिम्बाल घ्यू, मह, खाने प्रथा विरोधी संघर्ष जाली फटाहा विरोधी संघर्ष, सुदखोर प्रथा विरोधी संघर्षजस्ता जुलुस, अभियानमा सहभागी भई नेतृत्व गरेको पाइन्छ ।

सिर्जनात्मक कार्यहरु- आउँदो मंसिर २०८३ मा मणि

वीर किसान हो बढौं अगाडि
सामन्तको राज तोड्नलाई !
आज हामी देख्दै छौं जनवादी चीन
जहाँ आज सुखी छन् मजदूर किसान
हामी पनि सामन्तको अधीनमा बस्ने किन ?
वीर किसान हो....
हजारौं जग्गा जमिन जसको
हजारौं उनको विर्ता
छैन बस्न हामीलाई जमिन एक वित्ता
जिउनु पर्छ गरिबले खाई सिस्नो गिंठा
वीर किसान हो.......
बगाउँदै पसिना हामीले नै खेतबारी जोत्ने
हाम्रो पसिनामाथि यिनै भुँडी पल्टाई बस्ने
उल्टो हाम्लाई ऋण बोकाई जग्गा जमिन लुट्ने !
जग्गा जमिन लुट्ने ।

जहाँ नपइचे रवि त्यहा पहुँचे कवि भनिन्छ ।

कमरेड माओको नेतृत्वमा चीनका जनवादी क्रान्तिबाट अत्यन्त प्रभावित भएका स्रष्टा त्रिरत्न ब्रजाचार्य र यो गीतमा संगीत दिने शंकर कपालीद्वारा अगाडि सारिएका यो लगायतका धेरै गीतहरु तत्कालीन अवस्था लोकप्रिय किसान गीत बनेर र किसानहरुले गाउन थाले ।

२००७ साल फागुन ७ गते राणा सरकारको अन्त्य भयो भनी त्रिभुवन राजाले घोषणा गरेको स्मरणीय दिवस मनाउँदै गरेको श्री शारदा मा.वि.को स्थापनामा अहम् भूमिका पाइन्छ । तत्कालीन पञ्चायती सरकारले मदन पोखरामा शारदा प्रावि तिनपिप्लेमा बालकृष्ण प्रावि सुन्दर गाउँमा सरस्वती प्रावि दमकडामा दमकडा प्रावि, छापमा भगवती प्रावि, दमकडा प्राविलाई स्थापना र सञ्चालन गर्न सुमदायले देखाएका जागरुकता योगदानको कदर गर्दै निःशुल्क तथा अनिवार्य शिक्षा लागू सरकारले गर्‍यो । तर निःशुल्क भनिए पनि अनुदान नदिएपछि आफ्नो साथी कमलराज रेग्मीमार्फत् शिक्षामन्त्री कीर्तिनिधि समक्ष काठमाडौंसम्म डेलिगेशन गई केही अनुदान प्राप्त गरी भोका शिक्षकहरुको पारिश्रमिक भुक्तानी गरेको पाइन्छ ।

**विद्युतीकरण**

सदरमुकाम तानसेनमा बिजुली बलेजस्तै मदनपोखरामा पनि बिजुली बल्नु पर्छ भन्ने मदनपोखराको ठहर बमोजिम तत्कालीन शारदा माविका प्रधानाध्यापक हरिप्रसाद उपाध्यायको साथ सहयोगले हरिजीकै कलेज अध्ययनका साथी विद्युत् प्राधिकरणका हाकिम कहाँ गई बिजुली ल्याउन र बिजुलीका लागि सुन्दर गाउँ ठाँटीदेखि ट्रान्सफरमर ल्याउने बाटो खोल्ने काम घण्टप्रसादजीको नेतृत्व र साथीहरुको सहभागितामा भएको पाइन्छ ।

**सामुदायिक वन व्यवस्थापन**

त्यो बेला वन जोगाउन सरकारले वनपाले आदि त राख्थ्यो । तर हरियाली वन क्षेत्र उजाड भए । कारणहरु समुदायलाई वनको स्वामित्व भएन । वन वनपालेको हो भन्ने बुझाइ रह्यो । कारणभित्रको कारण खोज्दा वन त वनपालेको भुँडीपाल जस्तो भए । त्यसैले अर्यालजीले आफ्नै वडाको मूल गैरा वनको संरक्षण गर्ने योजना बनाई आफैँ वन संरक्षक भई संरक्षण गर्नु भयो । केही वर्षभित्र उजाड मूल गैरा वन हरियाली वनमा परिणत भयो । सामुदायले संरक्षण गरेको वन कस्तो हुँदोरहेछ त भनेर देश विदेशका मान्छेहरुको अवलोकन गर्न घुइँचो लाग्न थाल्यो । सायद वन संरक्षण समुदायले कसरी गर्न सक्छन् ? अथवा वन संरक्षण समुदायले मात्र गर्न सक्छन् भन्ने चेत राज्य सरकारलाई पनि यसबाट पनि आयो कि ? अहिले त लाखौं वन सामुदायिक वनका नामबाट संरक्षित छन् ।

**धर्मप्रतिको दृष्टिकोण**

स्वर्ग, नर्क, देवतामा उहाँको विश्वास थिएन । उहाँको सधैँ प्रश्न रहन्थ्यो स्वर्ग को गएर आयो ? स्वर्ग कस्तो छ ? के कसैले बताउन सक्छ ? सारतः स्वर्ग नर्क छैन भन्ने उहाँको दृष्टिकोण र विश्वास हो । यसरी नै देवतालाई कसले देख्यो ? कहिले देख्यो ?

यी सबै अन्धविश्वास हुन र सिधासादा जनतालाई ठिंगुरीमा जाकेर आफ्नो भुडी भर्ने दाउ थिए र हुन् भनेर भनिरहनु हुन्थ्यो । भूत प्रेत मरिमसान, दोखजस्ता काल्पनिक स्वरुपमा पनि उहाँको विश्वास थिएन । उहाँले मौका पाउनासाथ चौर, चौपारी र भन्ज्याङमा भेला भएका मान्छेलाई त्यस्तै भनिरहनुहुन्थ्यो । यसको विरुद्ध वकालत गरिरहेको आँखैले देखियो । बाहुनले हलो जोतेर जात जाने होइन । हलो जोते अन्न खान पाइन्छ । हलो नजोते भोकै मरिन्छ भन्ने उहाँको धारणा हो । यसै कारण ब्राह्मण/बाहुन नौजवान दौतरीहरुलाई हलो जोत्न प्रेरित गरेर आफूले समेत हलो जोतेर उदाहरण प्रस्तुत गरेको पाइन्छ ।

अन्त्यमा त्यो जमाना बेठबेगाडी झारा टन्टकाविरुद्ध आवाज उठाउनु असामान्य कुरा थिए । राणा शासन कहिल्यै ढल्दैन भन्ने जबरजस्त भनाइ रहेको बेला राणा शासन विरोधी आन्दोलनमा जुट्नु पनि महत्वपूर्ण कुरा नै हो । २०१७ सालपछि उहाँ गाउँ पञ्चायतको प्रधानपञ्च भई जनसेवी काम गरेको पाइन्छ । ०३५/०३६ को विद्यार्थी आन्दोलनमा दमन भएको विरुद्धमा तानसेनमा आयोजित कार्यक्रममा पनि उहाँको सहभागिता रह्यो । राजा वीरेन्द्रले आन्दोलनलाई मत्थर पार्न पञ्चायतमा केही पनि सुधार नगरिकन सुधारिएको पञ्चायती प्रजातन्त्र र बहुदलीय शासन व्यवस्थामध्ये कुन रोज्छौं रोज भनी २०३७ सालमा जनमत संग्रह गराउँदा उहाँ मदनपोखरामा बहुदलकै पक्षमै उभिनुभयो । त्यस्ता व्यक्तित्वको २०८३ साल श्रावण २२ गते निधन भएकोमा अत्यन्तै मर्माहत हुँदै हार्दिक श्रद्धाञ्जली अर्पण गर्नु हाम्रो कर्तव्य हो । शोक सन्तप्त उहाँका सुपुत्रहरु ढुण्डीराज अर्याल, ध्रुव अर्याल, बुहारीहरु र छोरी ज्वाईंहरु र समस्त शोक सन्तप्त अर्याल परिवारजन र नातेदारहरुमा गहिरो समेदना व्यक्त गर्दछु ।

# मदनपोखरा ...

नेपाल अष्ट्रेलिया वन परियोजनामा मुख्य प्राविधिक सल्लाहकारका रूपमा लामो समय काम गरेका अष्ट्रेलियाका वरिष्ठ वनविज्ञ डा. डोनाल्ड गिलमोर र अष्ट्रेलियाका प्रसिद्ध वातावरण मानवशास्त्री डा. रोबर्ट जे.फिसरले मदनपोखरामा आएर पटक–पटक वन संरक्षण अभियान र सामुदायिक कार्यका बारेमा कुराकानी गरेका छन् । मदनपोखराको सामुदायिक वन अभियानलाई शोधको विषय बनाएका छन् । 'Villagers, Forests and Foresters: The Philosophy, Process and Practice of Community Forestry in Nepal' शीर्षकको शोधपत्रमा मदनपोखरा र यहाँका अगुवाहरूसँगको अन्तर्वार्तालाई मुख्य आधार बनाएका छन् । त्यो सोधमा सरकारी कानुन र वनरक्षक विना वन कसरी जोगियो ? भन्ने विषयमा नीतिगत र व्यवहारिक जिज्ञासा राखेको भेटिन्छ ।

नेपालका अधिकांश ठाउँमा वन विनाश भइरहेको थियो । तर मदनपोखरामा हरियाली बढाउने र वन संरक्षण गर्ने अभियान चलिरहेको र त्यसको नेतृत्व घण्टप्रसाद अर्यालले गरिरहेका रहेछन् । गाउँलेहरूको सहमतिमा वनसम्बन्धी नियम बनाएर लागू गरियो । त्यो मौखिक नियमलाई सिंगो समुदायले स्वीकृति दियो । नियम मिच्ने र उल्लंघन गर्नेलाई गाउँको बैठक बसेर आर्थिक जरिवाना गर्ने चलन चलाइयो । त्यसैलाई शोधकर्ताहरूले मदनपोखरामा 'हामो वन, हाम्रै जीविकोपार्जन' भावनाबाट प्रेरित गराएर विनाश भएको वनलाई संरक्षण र स्व-नियन्त्रण गरेको उल्लेख गरेका छन् । बिना बजेट र बिना प्रहरी चल्ने उत्कृष्ट निगरानी संयन्त्रलाई अनुसन्धानकर्ताहरूले 'मौलिक सामाजिक थिति' का रूपमा व्याख्या गरेका छन् । वन जोगाएर मात्र भएन, गाउँलेलाई घाँस, दाउरा, काठ र खेतीपातीका बेला झाँङ-किला चाहिन्छ, त्यो कसरी बराबरी बाँडिन्छ ? प्रश्न गरेका छन् । हरेक वर्ष निश्चित समय (सुख्खा याम) मा वन खुला गरेर सुकेका दाउरा घाँस संकलन गर्न दिने र समितिले वितरण गर्ने प्रणालीलाई वनको उपयोग र स्रोतको समान बाँडफाँडगर्ने विधिका रूपमा स्थापित गरिदिएको छ । जसले नेपालका अन्य ठाउँमा सामुदायिक वन उपभोक्ता समूह गठन र विस्तार गर्न प्रेरणा प्रदान गर्‍यो ।

देशभरि वन फडाँनी र विनास भइरहेको थियो । वन विभाग र जिल्लास्थित वन कार्यालयलाई गाउँगाउँका वन नियन्त्रण गर्न हम्मेहम्मे परेको थियो । वन विभागका कर्मचारीले गाउँलेलाई चोर वा विनाशकारी मान्ने अवस्था थियो, गाउँलेले सरकारी अधिकारीको आँखा छल्ने परिपाटी थियो । त्यस्तो बेला मदनपोखरामा घण्टप्रसाद अर्यालको नेतृत्वले देखाएको मूलतः मूलगैरा वन संरक्षण र वन जोगाउने अभियानदूरदर्शी विचार र कदम बन्न पुगेको छ । मदनपोखराको वन अध्ययनका आधारमा गिलमोर र फिसरले भनेका छन्-'वन रक्षकहरू प्रहरी वा हाकिम बनेर होइन, समुदायका सहजकर्ता बनेर खटिनुपर्छ ।'

पाल्पाका तत्कालीन वन अधिकृत जगदीशचन्द्र बराल (जिल्ला वन कार्यालय) ले अवकासपछि वन, समुदाय र म शीर्षकको पुस्तक लेखेका छन् । उक्त पुस्तकमा नेपालको सामुदायिक वनको इतिहास, विकास र स्थानीय समुदायको योगदानलाई प्रस्तुत गरिएको छ । त्यस पुस्तकमा समेत मदनपोखरा र यहाँका वन संरक्षण अभियन्ता घण्टप्रसाद अर्यालको प्रसङ्ग विशेष महत्वका साथ उल्लेख गरिएको छ । 'नेपालमा सामुदायिक वन प्रणाली सफल हुनुमा केवल सरकारी नीति वा प्राविधिक ज्ञान मात्र नभई मदनपोखरा जस्ता गाउँ र घण्टप्रसाद अर्याल जस्ता निष्ठावान स्थानीय नेतृत्वको दूरदर्शिता, त्याग र समर्पण नै प्रमुख कारण थियो । विश्वभरका वातावरणविद्हरूका लागि यो अध्ययनको एउटा जीवित प्रयोगशाला हो ।'

मदनपोखराका घण्टप्रसाद अर्यालको वन जोगाउने शैलीबाट प्रभावित भएर सरकारले वन राष्ट्रियकरण ऐन २०१३ विस्थापित गर्दै वन ऐन २०४९ ल्यायो । वन नियमावली २०५१ जारी गरी समुदायलाई वन हस्तान्तरण गर्न थाल्यो । डा. गिलमोर र डा. फिसरले भनेका छन्-'नेपालमा सामुदायिक वन सरकार वा विदेशी दातृनिकायले माथिबाट कार्यक्रम होइन । यो त मदनपोखरा जस्ता गाउँमा घण्टप्रसाद अर्याल जस्ता स्थानीय अगुवाहरूले आफ्नै आवश्यकता र चेतनाका आधारमा तलबाट माथि सुरु गरेको मौलिक अभ्यास हो । वन संरक्षण अभियान हो । जसलाई पछि सरकारले कानुन बनाएर स्वीकार गरेको हो ।' स्थानीयस्तरमा मदनपोखरा जस्ता गाउँहरूले जोगाएको वन गर्दा नै आज नेपालले अन्तर्राष्ट्रिय मञ्चमा जलवायु वित्त र कार्बन व्यापारमार्फत् लाभ लिन सक्ने स्थिति बनेको छ । यो मदनपोखराले विश्व समुदायलाई दिएको असाधारण ज्ञान हो । यो नै चेतना र जागरणका लागि घण्टप्रसाद अर्यालको प्रज्ञाध्वोतित विचार हो ।

**निष्कर्ष:**

नेपालमा आज २२ हजारभन्दा धेरै सामुदायिक वनहरू समुदायलाई हस्तान्तरण भएका छन् । सामुदायिक वन उपभोक्ता महासंघ नेपाल सबैभन्दा धेरै उपभोक्ताहरू सदस्य भएको संयन्त्र बनेको छ । वन जोगाउने जिम्मा स्थानीय समुदायलाई दिँदा वन अझ बढी सुरक्षित हुन्छ भन्ने तथ्य आज नेपालले सामुदायिक वनको विश्वव्यापी मोडल भनेर सन्देश प्रवाह गरिरहेको छ । विश्वका विभिन्न विश्वविद्यालयमा स्थानीय नेतृत्व र सामाजिक परिवर्तन पढाउँदा मदनपोखराका घण्टप्रसाद अर्यालको प्रसङ्ग उदाहरणका रूपमा प्रस्तुत हुने गरेका छन् ।

मदनपोखरा प्राकृतिक रुपले रमणीय, सांस्कृतिक रुपले अतुलनीय र सामुदायिक भावनाका दृष्टिले बन्दनीय बनेको छ । नेपालकै नमुना र उदाहरणीय गाउँका रूपमा परिचित यसले विकासे र वन वातावरणका कार्यकर्ताहरूलाई दर्शनीय स्थलको संज्ञा दिएर निम्त्याइरहेको छ । मानवीय संवेदना बोकेका, जाली फट्याईंका विरुद्ध जुटेका, विभेदकारी चिन्तन फ्याँकेका र परस्पर मेलमिलापमा रमाएका बासिन्दाहरूको सद्भावले यो समाजलाई आज सुन्दर, शान्त र समृद्ध बनाएको छ ।

नेपालमा सामुदायिक वन प्रणाली विश्वमै सफल मानिने जनसहभागितामूलक नमूना हो, जसले स्थानीय समुदायलाई नै वन व्यवस्थापनको अधिकार सुम्पन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले निर्माण गरेका वन र वातावरणसम्बन्धी भिडियो डकुमेन्ट्री, रेडियो कार्यक्रम र फिचर लेखनमा घण्टप्रसाद अर्यालका भनाइहरू समावेश छन् । शोध, अध्ययन र अनुसन्धानको केन्द्रमा उनी छन् । यसरी मदनपोखराको अभ्यासलाई विश्वभरका वन वातावरण र विकासविद्हरूले पछ्याइरहेका छन् । संयुक्त राष्ट्रसंघले सन् २०१५ पछि मात्र तय गरेका दिगो विकासका लक्ष्यहरूका धेरै अवधारणाहरू मदनपोखराले दशकौंअघि अभ्यासमा ल्याइसकेको थियो । विश्वको एउटा सानो गाउँमा सोचेको र कार्यान्वयन गरेको सामुदायिक वनसम्बन्धी अवधारणाले घण्टप्रसाद अर्यालको शक्ति विश्वव्यापी बनिरहेको छ ।

वातावरणीय चेतना, सामाजिक जागरण र राजनीतिक निष्ठाका प्रतीक स्वर्गीय घण्टप्रसाद अर्यालको समाजसेवा र कार्यशैलीलाई नयाँ पुस्तासम्म पुर्‍याउनु नै उनीप्रतिको सच्चा सम्मान हो । उनले बालेको चेतनाको बत्ती र बजाएको जागरणको घण्ट निरन्तर गुञ्जिरहोस् ।


## हार्दिक समवेदना



वि.स. जन्म : १९८४/०६/२९
निधन: २०८३ /०४/२२

**स्व. घण्टप्रसाद अर्याल**

राजनीतिक, सामाजिक एवं शैक्षिक अभियानहरुमार्फत् पाल्पालाई विकास र परिवर्तनको बाटोमा हिंडाएर नमूना बनाउन अतुलनीय भूमिका खेल्नु हुने **घण्टप्रसाद अर्याल**को ९९ वर्षको उमेरमा भएको असमायिक निधनले हामी स्तब्ध भएका छौं । साथै शोकको यस दुःखद घडीमा दिवंगत आत्माप्रति चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

**विष्णुमाया लुङ्चे** – उपाध्यक्ष
**ध्रुव दयाल** – प्रमुख प्रशासकीय अधिकृत
**यमबहादुर चिदी** – अध्यक्ष

**माथागढी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा

## हार्दिक समवेदना



वि.स. जन्म : १९८४/०६/२९
निधन: २०८३ /०४/२२

**स्व. घण्टप्रसाद अर्याल**

राजनीतिक, सामाजिक एवं शैक्षिक अभियानहरुमार्फत् मदनपोखरा/पाल्पालाई परिवर्तनको बाटोमा हिंडाएर नमूना बनाउन अतुलनीय भूमिका खेल्नु हुने **घण्टप्रसाद अर्याल**को ९९ वर्षको उमेरमा भएको असमायिक निधनले हामी स्तब्ध भएका छौं । साथै शोकको यस दुःखद घडीमा दिवंगत आत्माप्रति चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

**मोहनप्रसाद सापकोटा**
प्रधानाध्यापक

**दमकडा माध्यमिक विद्यालय**
तानसेन-८, मदनपोखरा पाल्पा

## हार्दिक समवेदना



वि.स. जन्म : १९८४/०६/२९
निधन: २०८३ /०४/२२

**स्व. घण्टप्रसाद अर्याल**

राजनीतिक, सामाजिक र शैक्षिक अभियानहरूमार्फत् मदनपोखरा/पाल्पालाई परिवर्तनको बाटोमा हिडाएर नमूना बनाउन अतुलनीय भूमिका खेल्नु हुने मदनपोखरा निवासी इतिहासका निर्माता तथा विकासका नायक आदरणीय **घण्टप्रसाद अर्याल**को ९९ वर्षको उमेरमा यही साउन २२ गते भएको असमायिक निधनको खबरले हामी स्तब्ध भएका छौं । साथै शोकको यस दुःखद घडीमा दिवंगत आत्माप्रति चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

**चेतनाथ गिरि** – प्रमुख प्रशासकीय अधिकृत
**प्रतिक्षा सिंजाली** – उप-प्रमुख
**सन्तोष लाल श्रेष्ठ** – नगर प्रमुख (एवं)

**तानसेन नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, पाल्पा

## हार्दिक समवेदना



वि.स. जन्म : १९८४/०६/२९
निधन: २०८३ /०४/२२

**स्व. घण्टप्रसाद अर्याल**

यस विद्यालयका संस्थापक, राजनीतिक, सामाजिक एवं शैक्षिक अभियानहरुमार्फत् मदनपोखरा/पाल्पालाई परिवर्तनको बाटोमा हिंडाएर नमूना बनाउन अतुलनीय भूमिका खेल्नु हुने **घण्टप्रसाद अर्याल**को ९९ वर्षको उमेरमा भएको असमायिक निधनले हामी स्तब्ध भएका छौं । साथै शोकको यस दुःखद घडीमा दिवंगत आत्माप्रति चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

**खेमराज न्यौपाने** – प्रधानाध्यापक
**सोमनाथ अर्याल** – अध्यक्ष

**शारदा माध्यमिक विद्यालय**
तानसेन-८, मदनपोखरा पाल्पा

## हार्दिक समवेदना



वि.स. जन्म : १९८४/०६/२९
निधन: २०८३ /०४/२२

**स्व. घण्टप्रसाद अर्याल**

यस संस्थाका पूर्व महासचिव ध्रुवराज अर्याल एवं शुभेच्छुक ढुण्डीराज अर्यालका पूजनीय पिता, राजनीतिक, सामाजिक र शैक्षिक अभियान्ता **घण्टप्रसाद अर्याल**को ९९ वर्षको उमेरमा यही साउन २२ गते भएको असमायिक निधनको खबरले हामी स्तब्ध भएका छौं । साथै शोकको यस दुःखद घडीमा दिवंगत आत्माप्रति चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

**प्रेम गौचन**
अध्यक्ष

**बुटवल अटो इन्जिनियरिङ्ग एशोसिएसन परिवार**
बुटवल, रुपन्देही

## हार्दिक समवेदना



वि.स. जन्म : १९८४/०६/२९
निधन: २०८३ /०४/२२

**स्व. घण्टप्रसाद अर्याल**

राजनीतिक, सामाजिक र शैक्षिक अभियानहरूमार्फत् पाल्पालाई विकास र परिवर्तनको बाटोमा हिडाएर नमूना बनाउन अतुलनीय भूमिका खेल्नु हुने मदनपोखरा निवासी इतिहासका निर्माता तथा विकासका नायक आदरणीय **घण्टप्रसाद अर्याल**को ९९ वर्षको उमेरमा यही साउन २२ गते भएको असमायिक निधनको खबरले हामी स्तब्ध भएका छौं । साथै शोकको यस दुःखद घडीमा दिवंगत आत्माप्रति चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

**प्रकाश पाण्डे** – प्रमुख प्रशासकीय अधिकृत
**हरिप्रसाद पाठक** – उपाध्यक्ष
**सरस्वती दर्लामी चिदी** – अध्यक्ष (एवं)

**बगनासकाली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**, पाल्पा

## हार्दिक समवेदना



वि.स. जन्म : १९८४/०६/२९
निधन: २०८३ /०४/२२

**स्व. घण्टप्रसाद अर्याल**

यस संस्थाका शुभेच्छुक ध्रुवराज अर्यालका पूजनीय पिता एवम् राजनीतिक, सामाजिक र शैक्षिक अभियानहरु मार्फत मदनपोखरा/पाल्पालाई परिवर्तनको बाटोमा हिंडाएर नमूना बनाउन अतुलनीय भूमिका खेल्नु हुने आदरणीय **घण्टप्रसाद अर्याल**को ९९ वर्षको उमेरमा यही साउन २२ गते भएको असमायिक निधनको खबरले हामी स्तब्ध भएका छौं । साथै शोकको यस दुःखद घडीमा दिवंगत आत्माप्रति चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

**दिनेश फुल्लेल**
अध्यक्ष (एवं)

**यातायात मजदूर तथा व्यवसायी भलाई कोष परिवार**
बुटवल, रुपन्देही

## हार्दिक समवेदना



वि.स. जन्म : १९८४/०६/२९
निधन: २०८३ /०४/२२

**स्व. घण्टप्रसाद अर्याल**

राजनीतिक, सामाजिक र शैक्षिक अभियानहरूमार्फत् पाल्पालाई विकास र परिवर्तनको बाटोमा हिंडाएर नमूना बनाउन अतुलनीय भूमिका खेल्नु हुने मदनपोखरा निवासी इतिहासका निर्माता तथा विकासका नायक आदरणीय **घण्टप्रसाद अर्याल**को ९९ वर्षको उमेरमा यही साउन २२ गते भएको असमायिक निधनको खबरले हामी स्तब्ध भएका छौं । साथै शोकको यस दुःखद घडीमा दिवंगत आत्माप्रति चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

**दिनेश सारू** – प्रमुख प्रशासकीय अधिकृत
**लालबहादुर थापा** – उपाध्यक्ष
**प्रेम श्रेष्ठ** – अध्यक्ष (एवं)

**तिनाउ गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा

## हार्दिक समवेदना



वि.स. जन्म : १९८४/०६/२९
निधन: २०८३ /०४/२२

**स्व. घण्टप्रसाद अर्याल**

हाम्रा आदरणीय अभिभावक एवम् राजनीतिक, सामाजिक र शैक्षिक अभियानहरु मार्फत् मदनपोखरा /पाल्पालाई परिवर्तनको बाटोमा हिंडाएर नमूना बनाउन अतुलनीय भूमिका खेल्नु हुने आदरणीय **घण्टप्रसाद अर्याल**को ९९ वर्षको उमेरमा यही साउन २२ गते भएको असमायिक निधनको खबरले स्तब्ध भएको छु । साथै शोकको यस दुःखद घडीमा दिवंगत आत्माप्रति चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा **हार्दिक समवेदना** व्यक्त गर्दछुं ।

**असिम न्यौपाने**
**तानसेन नगरपालिका-९, मदनपोखरा**
पाल्पा

# कला विधामा घण्टप्रसाद





गुणाकर अर्याल

*स्मरण हुन्छ अरुको निम्ति, बाँचेर मर्नेको*
*विष्मरण हुन्छ दुईपल्ट मर्छ, स्वलाभ गर्नेको ॥*

मानिस दुई खालका हुन्छन् । एक खालका हुन्छन्, नितान्त स्वार्थी । आफ्नै हीतलाई मात्र सर्वोपरी ठान्ने र अरुको हीतको निम्ति कहिल्यै चासो नराख्ने । उनीहरु केवल खानको निम्ति मात्र बाँचेका हुन्छन् । यस्ता मानिसहरु जीवनमा दुई पल्ट मर्छन् । एक पटक ज्यूँदै मरेका हुन्छन्, जसलाई ज्यूँदो लास पनि भनिन्छ । अर्को पटक भौतिक रुपबाटै मर्छन् । यस्ता मानिसहरुको मरण हुन्छ । विष्मरण हुन्छ र कहिल्यै कहिं स्मरण हुँदैन । अर्को खालका मानिस हुन्छन्, अरुका निम्ति बाँच्ने । उनीहरु बाँच्नका निम्ति खान्छन् । जीवनमा एक पटक मात्र मर्छन् । मरण पहाड जत्तिकै बोझिलो हुन्छ । धेरैजना शोकाकूल बन्छन् । धेरैले यस्ता व्यक्तिको योगदानको विभिन्न तरिकाले स्मरण गरिरहन्छन् । मरेर पनि मानस पटलमा सदा जीवित रहन्छन् । यही कित्तामा पर्छन्, तानसेन- ८ मदनपोखरा, पाल्पाका घण्टप्रसाद अर्याल ।

वि.सं.१९८४ साल आश्विन २९ गते आइतबारका दिन मदनपोखरेली माटोले उनलाई पायो । यही श्रावण २३ का दिन ९९ वर्षको उमेरमा मदनपोखरेली माटोले उनलाई गुमायो । सामान्य लेखपढ मात्र गर्न जान्ने मानिस पनि बहुआयामिक प्रतिभाको धनी हुन सक्छ भन्ने ज्वलन्त उदाहरण बनेर उनी गए । उनलाई यो मुलुकले राजनीतिज्ञ, समाजसेवी, शिक्षा प्रेमी, विकास र वनवातावरणको सन्दर्भमा ठूलो योगदान गर्ने प्रतिभा तथा नविन आविष्कारलाई छिटोभन्दा छिटो आत्मसात् गर्ने व्यक्तित्वको रुपमा चिनेको छ । यसै बारेमा उनको धेरै चर्चा परिचर्चा, प्रकाशन, छलफलहरु हुनेगर्छन् । तर उनको अर्को उजागर हुन नभ्याएको प्रतिभा हो कलाकारिता । उनको तेह्रौं पुण्य तिथिको अवसरमा स्मरणार्थ प्रकाशित हुन गैरहेको स्मारिकामा यसै बारेमा प्रकाश पार्ने जमर्को गरेको छु ।

घण्टप्रसाद अर्यालसदैव हंसिलो अनुहार बनाएर बोल्ने, मीठो र प्रभावकारी शैलीमा व्यक्ति विशेषलाई आफ्नो प्रस्तुतिमा सहमत गराउने, सभा समारोहमा आफ्ना अभिव्यक्तिहरुलाई प्रष्टसँग निर्भिक ढंगले प्रस्तुत गर्न सक्ने, बोली र व्यवहारबाट विश्वास दिलाउन सक्ने अद्भूत व्यक्तित्व हो, घण्टप्रसाद । उनले कतिलाई चिने कतिले उनलाई चिने , चाहे गरिब होस् चाहे धनी होस्, चाहे माथिल्लो तहको मानिस होस् चाहे भुँइ तहको मानिस होस् धेरैले उनलाई चिने । उनी गायक हैनन्, गाउँथे । कवि हैनन् रचना गर्थे । दार्शनिक हैनन् दर्शन दिन्थे । पण्डित हैनन् प्रगतिशिल शास्त्रार्थ गर्थे । वैज्ञानिक हैनन् विज्ञानको व्यवहार गर्थे । किसानहरुलाई उन्नत कृषि प्रविधि बताउँथे । राजनीतिज्ञलाई समाजवादी दृष्टिकोण चखाउँथे । विकासवादीहरुलाई नौलो नमूना गाउँको अनुभव सुनाएर चकित पार्थे । भूँइमान्छेबाट आउने ज्ञान पनि विज्ञान हुँदोरहेछ भन्ने चेतना दिन्थे ।

नेपालमा कम्युनिष्ट पार्टीको जन्म हुँदा देशको सामाजिक अवस्था अर्ध औपनिवेशिक र अर्द्ध सामन्ती खालको थियो । यसलाई भारतीय एकाधिकार पुँजीवाद र अमेरिकी साम्राज्यवादले काँध हालिरहेको थियो । देशमा जनसंख्याको ३० प्रतिशत सुकुम्वासी र ४० प्रतिशत जनता गरिव किसानको स्थितिमा पुगेको बेला थियो । कृषि क्षेत्रमा किसानलाई जमिनको मालिक बनाई सामन्तवादलाई समूल नष्ट गर्ने, सामन्त वर्गको अहित नगरी किसान वर्गको हीत हुन नसक्ने ठहर गर्दै तत्कालीन कम्युनिष्ट पार्टीले जनवादी नीति तय गरेको थियो । घण्टप्रसादले २००८ सालमा नेपाल कम्युनिष्ट पार्टीको ठूलो भ्रातृ संगठन अखिल नेपाल किसान संघको सदस्यता पाए । त्यसपछि तत्कालै उनी किसान मजदूरहरुलाई संगठित गर्नेतर्फ लागे । २००८ सालमै "बाहुनहरुले हलो जोते जात जान्छ" भन्ने अंधविश्वासको विरुद्धमा जनैधारी युवक बाहुन किसानहरुलाई भेला गरी माडीफाँटमा हलो जोत्ने अभियान सञ्चालन गरे । यसले उत्पादन गरी खाने किसानहरुलाई राहत दियो र परम्परावादी कुसंस्कारमा आगो झोंसिदियो । यतिबेला उनी किसानका गीतहरु रचना गरी गाउँदै हिंड्थे । किसानहरुमा जोश र उमंग भर्थे, तलका शब्दहरुमा स्वर र शैली थपेरः

बढौं अघि हे वीर किसान हो ! सामन्तीको राज तोड्न
एशियाको बढ्दो चढ्दो देश राम्रो चाइना
सुखी खुशी छन् है सबै मजदूर किसान
बढौं अघि हे वीर किसान हो !.......... .................

गीत रचना र गायनमा मात्र हैन वाक्कलामा पनि धनी थिए, घण्टप्रसाद । किसान, मजदूर, बाल, महिला, शिक्षक, विद्यार्थी, राजनीतिज्ञ जो सुकैलाई पनि उनी आफ्ना विचार अनुभव तथा प्रस्तुति शैलीले विश्वास दिलाउँथे । चाहे शितलपाटीमा होस् वा माडीफाँटको लालपाटीमा, घण्टप्रसादको भाषण भनेपछि मानिस वैरिन्थे । राजनैतिक मञ्च मात्र हैन शैक्षिक मञ्चहरुमा पनि जब उनले भोंपा (आवाज टाढा पुऱ्याउन मुखमा जोडेर बोल्ने टिनको सामान(Loudhailer) मुखमा जोडेर भाषण गर्न थाल्थे, मानिस मन्त्रमुग्ध नै हुन्थे । जीवनका पछिल्ला दिनहरुमा घण्टप्रसाद यत्रतत्र डुल्न जान छाडे । यसपछि पनि विभिन्न सरकारी तथा गैरसरकारी निकायका व्यक्तिहरुको समूह मदनपोखराको अवलोकन भ्रमणमा आउँथे । यतिबेला उनीहरुको पहिलो रोजाइ हुन्थे, घण्टप्रसाद । उनीहरुले यहाँका शिक्षा, कृषि, सञ्चार,वन विकास, पानी, वातावरण, सरसफाइ र पुराना सामाजिक, शैक्षिक, आर्थिक तथा राजनैतिक अनुभवहरुको एकीकृत पुस्तकालय एकै ठाउँ (उनै) मा पाउँथे । उनको आकर्षक प्रस्तुति-शैलीले पनि सबैलाई लोभ्याएको हुन्थ्यो । हरेक भिन्न विषयको जानकारी गराउनेक्रममा बिचबिचमा वाचन गर्ने सान्दर्भिक र आकर्षक सामयिक गीत, कविता, संस्कृतका श्लोकहरु, रामायण तथा पुराणका सन्दर्भसहितको वाक्कलाले विषयलाई अझ कर्णप्रिय बनाउँथ्यो ।

तत्कालीन शासकहरु जनतामा राजनैतिक, सामाजिक, शैक्षिक, साहित्यिकलगायत कुनै खालको चेतना नजागोस् भन्थे । सर्वसाधारण जनतालाई शिक्षाको नाउँमा राजामहाराजाको स्तुती गान घोकाउँथे । विभिन्न धार्मिक क्रियाकलापहरुमा पण्डितहरुबाट देवदेवता, पूर्वजुनी, इहलोक, परलोक, भाग्य, पुर्पुरो, बोक्सी, भूतप्रेतका थोत्रा गन्थनहरु सुनाउने काम हुन्थे । साहित्यको नाममा प्रेमलहरि, मदनलहरि जस्ता फोहोरी किताब र तोता मैना, वीर सिक्का तथा मधुमालती जस्ता बेकामी गफले भरिएका कथाका पुस्तक मात्र जनताले सुन्न पाउँथे । गन्धर्व (गाइने) हरुले पनि राजा महाराजाकै कर्खा (स्तुती गान) गाउँदै गाउँघरमा डुल्थे । संघसंस्थाहरुमा राष्ट्रिय गानको नाममा राजाको स्तुती गान-श्रीमान गम्भीर नेपाली प्रचण्ड प्रतापी भूपति........। नेपालको एकमात्र साँस्कृतिक प्रसारणको माध्यम रेडियो नेपालले –

हाम्रै राजा ठूला छन्, हाम्रै देश विशाल
राजा महेन्द्र हाम्रो, हामी महेन्द्रका
महेन्द्र जस्ता राजा हाम्रा, रत्न जस्ती रानी
काँधमाथि महेन्द्र राजालाई शीरमाथि नेपाल आमालाई
राजा र रानीको तस्विर छ यो मेरो रातो झोलामा

यस्तै गीतहरु फलाकेर समय फाल्थ्यो । यसरी देशका क्रान्तिकारी युवा चेतनालाई कुण्ठित पार्ने भ्रष्ट तत्वलाई पन्छाउन नेपाल कम्युनिष्ट पार्टीको तेस्रो ऐतिहासिक सम्मेलन (२०२५) ले सामन्ती संस्कृतिको भण्डाफोर गर्ने निर्णय गऱ्यो । सोहीअनुसार देशका जनवादी साहित्यकारहरु पनि जुर्मुराएर उठ्न थाले । गाउँघरमा पनि धेरै घण्टप्रसादहरु जागे । मदनपोखराका घण्टप्रसाद पनि किसान हक स्थापित गर्न गाउँघरका विभिन्न मञ्चहरुमा कुर्लन थाले––

ज्यानै जावस्, प्राणै जावस् प्रवाह गर्दैनौं
मानिसलाई चाहिने हक नलिइ छोड्दैनौं
मर्नु त एक्दिन अवस्य पर्छ, पशु झैं नजिउँ
मानिस जस्तो भएर जिउँ समाजलाई केही दिउँ

एकातिर पञ्चायती पक्षधरहरु युवाहरुलाई रोजगारीको निम्ति विदेश जान सल्लाह दिन्थे––

साली नानी प्रेम जोडौं दिल खोलेर
हिंड जाउँ लाहुरमा रेलै चढेर

उनीहरु यस्ता छली–भाव बोकेका गीतहरु गाउने नाच्ने गर्थे भने अर्कोतर्फ घण्टप्रसादको टोली भने युवाहरुलाई स्वदेशमैं रोजगारीको व्यवस्था हुनुपर्छ, युवाहरु विदेश जान हुँदैन भन्दै तवेला र हार्मोनियमको तालमा गला फुराएर सल्लाह दिन्थे––

लाहुरे दाइ लाहुरे दाइ कहाँ जान्छौं शिर कटाउन
यो देशका दिदी बैनी विदुवा बनाउन

यतिबेला गाउँघरमा जनवादी संस्कृति स्थापना गर्नु र जनचेतना जागरण गर्न निकै कठिन थियो । पञ्चायती शासकहरुको कोपभाजनबाट बच्न र गाउँमा चेतना फैलाउन विभिन्न तिगडमहरु गर्नुपर्थ्यो । यद्यपि विविध साँस्कृतिक कार्यक्रमहरु सञ्चालन गर्ने र त्यसैमार्फत् जनचेतना फैलाउने काम निरन्तर अगाडि बढिरहन्थ्यो ।

वि.सं. २००८ सालमा सत्यौदी पोखरी (हालको शारदा मा.वि. रहेको स्थल) मा स्थापना भएको स्कुललाई तानसेन बजारका साहुमहाजनसँग चन्दा अनुरोध गर्न जाँदा उनीहरुलाई प्रफुल्ल पार्दै बासुदेव नेपालद्वारा रचित गीत घण्टप्रसादलगायतले गाउँदै चन्दा बटुल्दै गर्दाको एक टुक्रा––

सत्यवती पोखरीको स्कूललाई चन्दा
दिनुहुन्छ साहुजीले किन मान्छौं धन्दा

यसैगरी सोही स्कुललाई २०१९ सालमा प्राइमरीबाट मिडिल बनाउने प्रयास सफल भयो । गाउँका जनता साँझमा सोही सत्यौदी पोखरामा भेला गरी खुशीयालीमा भाषण गर्दागर्दै घण्टप्रसादले गाए––

अब के होला, अब के होला
हाम्रो स्कूल मिडिल होला

यस्ता गायनका कार्यक्रमहरुका साथै नृत्य, नाटक, प्रहसनहरु पनि उनकै अगुवाइमा व्यवस्थित ढंगले प्रस्तुत गरिन्थ्यो । कोराको कपडाले दर्शक दीर्घा घेर्ने, प्रति व्यक्ति एक सुकाको टिकट काट्नु पर्ने व्यवस्था गरी कार्यक्रम प्रस्तुत गर्ने गरेको इतिहास छ । कहिले सत्यौदी पोखरी (हालको शारदा मा.वि. प्राङ्गण, कहिले सुन्दरगाउँको स्कूल प्राङ्गण त कहिले स्यानी पिपलको खुला चौरमायस्ता साँस्कृतिक कार्यक्रमहरुको आयोजना गरिन्थ्यो । घण्टप्रसादकै नेतृत्वमा बासुदेव नेपाल, नेत्रबहादुर कार्की, पदमबहादुर सोमै, मीनप्रसाद पौड्याल,विष्णु घिमिरे, गोपीनाथ खनाल, भोजराज पंगेनी (चौरथोक) हरुको समूहले विविध साँस्कृतिक कार्यक्रमहरु प्रस्तुत गरी जनचेतना विस्तार गर्थ्यो ।

करिव २०१९/२० सालसम्म पनि केटी वा महिलाहरु यस्ता कार्यक्रमहरुमा नृत्य अभिनय गर्दैनथे । अतः पुरुषहरु मध्येबाटै महिला बनेर नाच्नु पर्थ्यो । यतिवेलाका नेत्रबहादुर कार्की नटुवा (जोकर) र पदम बहादुर सोमै नटी (नृत्य अभिनय गर्ने महिला) बनेर राम्रा-राम्रा नृत्य अभिनय हुन्थ्यो । नृत्य प्रदर्शन गर्नुभन्दा केही दिन पहिल्यै देखि नै नाच र गीतको तालमेल मिलाउन तालिम (प्रशिक्षण) गर्ने काम हुन्थ्यो । यस्ता अधिकांश तालिम गोप्य ढंगले घण्टप्रसादकै घरमा सम्पन्न गरिन्थ्यो । सम्बन्धित कलाकार बाहेक अरुलाई अनुमति हुँदैनथ्यो । स्टेज कार्यक्रमहरुमा विष्णु घिमिरेले हार्मोनियम बजाउँथे भने तवेला वादनमा घण्टप्रसाद आफैं कसिन्थे । यसै अवसरमा जागरणमूलक प्रहसनहरु पनि प्रस्तुत गरिन्थे जस्मा घण्टप्रसादकै विशेष भूमिका हुन्थ्यो । त्यसबेला गाउँमा जुवा, तास, गुच्ची खेल्ने चलन थियो । यसका विरुद्धमा जनचेतना जगाउन जुवा तास खेल्नेहरु जेल परेका र उनीहरुकै अगाडि खुशीयालीमा अभिव्यक्त मीनप्रसाद पौडेलको गायन प्रस्तुति मानस पटलमा ताजै छ :

लेकबाट कौवा झऱ्यो पाकेको बेल्खान
तास जुवा खेल्ने जति परेछन् झेल्खान
धत्तेरी दहिच्युरा............

यसैगरी भोजराज पंगेनी (चौरथोक)लाई महिला पात्र बनाएर प्रस्तुत गरिएको 'टिकटिके साढी' शीर्षकको हाँस्य प्रहसन संझाउँदा घण्टप्रसाद अचेल पनि आफैं हाँस्थे । मदनपोखराको अर्को युवा पिंडीमा विगतका यी कार्यक्कमहरुको राम्रो प्रभाव परेको पाइन्छ । पछिल्ला दिनहरुमा मदनपोखराका विभिन्न स्थानमा प्रस्तुत गरिएका 'लाहुर जाने धोको', 'पचास रुपैयाँको तमसुक'जस्ता प्रगतिशील नाटकहरु सफलतापूर्वक मञ्चन भएका थिए । यी सबै नाटकहरुको पूर्ण सफलताको निम्ति पनि घण्टप्रसादको साथ सहयोग र समर्थन रहन्थ्यो । विगतमा उनमा पुष्पित र पल्लवित बहुआयामिक कलात्मक प्रतिभाहरु मदनपोखरा चिनारीको कोशे ढुंगा सावित भयो । पछिका पिँढीलाई प्रेरणाको स्रोत बन्यो । जीवनको उत्तरार्धसम्म पनि उनमा रहेको उत्साह, सक्रियता, जाँगर र सीपदेख्दा लाग्छ–मदनपोखराले फेरि यस्तै निःस्वार्थी कलाकार कहिले जन्माउला ?

*तानसेन–८, मदनपोखरा*

# घण्टप्रसादः कर्ता र कारक दुवै



गोपालप्रसाद बस्याल



युवावस्थामै राजनीतिक र सामाजिक परिवर्तनका लागि अग्रसर रहेका स्व. घण्टप्रसाद अर्याल परिवर्तनकारी क्रियाकलापको नेतृत्व र कार्यान्वयन स्वयम् गर्नुहुन्थ्यो । उहाँ उपदेश दिने नभै आफैं काम गर्ने र आफ्नो कार्यबाट अन्य मानिसहरूलाई त्यस्ता कार्य गर्न उत्प्रेरित गरी परिवर्तनको कारक बन्नुभएको थियो । सक्रिय सामाजिक सुधारक र राजनीतिक कार्यकर्ता र मदनपोखरा गाउँ पञ्चायतको प्रधानपञ्चसमेत रहेर कार्य गर्नुभएको थियो । उहाँले सम्पूर्ण जीवन सामन्तवादी चिन्तन र सामाजिक रुढिवादी परम्पराविरुद्ध र समाज सुधारका लागि खर्च गर्नुभयो ।

घण्टप्रसाद अर्यालले तत्कालीन सामन्तवादी सोंचाइअनुसार ब्राह्मण समुदायले हलो जोत्नुहुँदैन भन्ने मान्यताकाविरुद्ध २००८ सालमा पाल्पाको माडी फाँट गोरु नारेर आफैं जोत्नुभयो । यो कार्य उहाँका लागि आफ्नो काम आफैं गर्नुपर्छ भन्ने मान्यताका आधारमा र परम्पराअनुसारको जातीय प्रथा र त्यससँगै जोडिएको कार्य विभाजनको विरोध गर्ने कदम थियो । विडम्बना, त्यस समयका शासकहरूले उहाँलाई पक्राउ गरी जेल हालेका थिए । तर यो साहसिक कामले ठूलो मान्यता पायो । मदनपोखरा र माडी क्षेत्रमा ब्राह्मणहरूले आफैं जोत्ने मात्र होइन, आफूले गर्नसक्ने धेरै काम आफैं गर्न थाले । धेरै पहिलादेखि खनजोत गर्ने मात्र होइन डोकोमा तरकारी बोकेर तानसेन गई व्यापार गर्ने र पढाइ तथा नोकरी गर्ने चलन थियो । त्यहाँका शिक्षक, राजनीतिक नेतृत्व एवम् जनप्रतिनिधिहरूले अहिले पनि तरकारी, फलफूल, पशुपंक्षी पालन व्यवसायिक रुपमा गर्दछन् । यो श्रमप्रतिको सम्मान व्यवहारमा उतार्ने उत्प्रेरणाको एउटा वरिष्ठ अगुवा स्रोत व्यक्ति घण्टप्रसाद हो ।

मदनपोखरामा विगतदेखि वर्तमानसम्म विभिन्न राजनीतिज्ञ, जनप्रतिनिधि, शिक्षक, प्राध्यापक, उद्यमी र सफल एवम् अनुकरणीय किसानहरू छन् । यी सबैको प्रेरणाका स्रोत घण्टप्रसाद नै हुन् भन्दा अत्युक्ति नहोला । यद्यपी सबैलाई प्रत्यक्ष भेटघाट र परामर्श उनीले दिएका होइनन्, श्रम र अनुशासनको संस्कृति बसाल्न उनीहो ठूलो योगदान छ । घण्टप्रसादले समाजमा रहेको जातीय संरचना, बोक्सी र धामी झाँक्री जस्ता विकृत चिन्तन र गाउँका टाठाबाठा मानिने जिम्मुवाल, मुखिया जस्ताको सधैं विरोध गरे । जातीय विभेदको अन्त्य हुनुपर्ने, छुवाछुतको अन्त्य, हली प्रथाको अन्त्य गरी सबैले जोत्ने अभियान चलाएका थिए ।

पाल्पाको मदनपोखरामा घण्टप्रसादका साथै नेपाली काँग्रेसका काशिनाथ गौतम र नेपाल कम्युनिष्ट पार्टीका कमलराज रेग्मीले पनि राजनीतिक अभियान चलाउँथे । सुरुमा नेपाली काँग्रेसमा सक्रिय घण्टप्रसाद २००८ सालमै नेपाल कम्युनिष्ट पार्टीको सदस्य बनेका थिए । राजनीतिक चेतनाका सँगसँगै मदनपोखरा गाउँ पञ्चायतको वडाध्यक्ष र प्रधानपञ्च बनेका घण्टप्रसादका काम भने वामपन्थी रुझानबाट प्रेरित थिए । यसै वर्ष हीरक महोत्सव मनाउन लागेको शारदा माविसहित मदनपोखरामा २००८ सालतिर अधेंरीखोला, तीनपिपले र देउरालीमा विद्यालय खोलिएका थिए । यी विद्यालय स्थापनामा समेत संलग्न घण्टप्रसादले यस पंक्तिकारसँगको करिव २५ वर्ष अगाडिको भेटमा भन्नुभएको स्मरण गर्न चाहन्छु – "२०१९/२० सालतिर अनिवार्य प्राथमिक शिक्षा मदनपोखरामा लागू गरिएको थियो । मुठ्ठिदान गरेर उठाएको अन्न बिक्री गरेर र अन्न दिएर शिक्षकको पारिश्रमिकको व्यवस्था गरेरै भए पनि अनिवार्य शिक्षाको व्यवस्था गरिएकोले मदनपोखरामा शैक्षिक चेतना पहिलेदेखि बढेको हो ।" नेपाल सरकारले पनि अनिवार्य तथा निःशुल्क प्राथमिक शिक्षा लागू गर्न चाहेको र अहिले पनि त्यो कार्य पूरा भएको छैन, तर मदनपोखरामा त्यस समयमा शिक्षाको ज्योति फैलाउन घण्टप्रसादको महत्वपूर्ण योगदान छ । मदनपोखराले रसायन शास्त्रका पहिलो विद्यावारिधि प्राप्त प्रा. डा. तुलसी पाठक, इतिहासविदप्रा. डा. भविश्वर पंगेनी, साहित्यकार विष्णु प्रभात, नेपाल सरकारका पूर्व मन्त्री सोमप्रसाद पाण्डे, नेपालमात्र नभै दक्षिण एसियाकै नमूना गाउँ, एफएम रेडियो, नमूना सामुदायिक वन, फलफूल एवम् तरकारी खेती, प्राध्यापक, शिक्षक, उद्योगी र व्यवसायीहरू उत्पादन गरेर राष्ट्र निर्माणमा योगदान गरेको छ । यसको श्रेय घण्टप्रसाद अर्याल, यमप्रसाद पाण्डे र प्रेमनाथ बस्याललाई अलि बढी जान्छ ।

सामाजिक रूपान्तरणको आन्दोलनकै क्रममा तमसुक च्यात्ने आन्दोलन चलाएका घण्टप्रसाद राजनीतिक प्रतिशोधको शिकार बन्दै ११ पटक थुनामा परेका थिए । वि. सं. २००५ सालदेखि राणा विरोधी आन्दोलनमा लागेका घण्टप्रसादले २०१५ सालको आम निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टीको प्रचारमा खटेका थिए र पाल्पाबाट २ जना निर्वाचित भएका थिए । पञ्चायतमा २०१८ मा वडाध्यक्ष जितेका घण्टप्रसाद २०२१ सालमा निर्विरोध प्रधानपञ्च चुनिएका थिए ।

मजबूत शरीर, स्पष्ट विचार, टाठो स्वर र बोलीचाली नरम, भेट्दा बस्दा सबैसँग मिलनसार घण्टप्रसादले समसामयिक विषयवस्तुमा समीक्षात्मक टिप्पणी गर्ने स्वभाव थियो । नेपालका हरेक राजनीतिक सामाजिक आन्दोलनमा मदनपोखराको सहभागिता उत्कृष्ट रह्यो । पञ्चायत विरोधी आन्दोलन, दोस्रो जनआन्दोलनजस्ता राजनीतिक आन्दोलन मात्र होइन शिक्षक, कृषक, महिला आदि सबै आन्दोलनमा मदनपोखराले सधैं अग्रणी भूमिका खेलेको छ । घण्टप्रसाद ८०–८२ वर्षको उमेरसम्म पनि सक्रिय रुपमा पार्टीगत कार्यक्रममा सहभागी हुने गर्नुहुन्थ्यो । घण्टप्रसाद नेपालीहरूले नेपालमै केही काम गनुपर्छ भन्ने मान्यता राख्दथे । उनी साँस्कृतिक कार्यक्रममार्फत् जनचेतना जगाउन लागेका थिए । लाहुर किन जानुहुन्छ शीर कटाउन, कति धेरै चेलीलाई विधवा बनाउन जस्ता गीतहरू गाउँदै विदेशीहरूको सुरक्षाका लागि नेपाली दाजुभाइले मृत्युवरण गर्न जाने कामको विरोध गर्दै स्वदेशमा कर्म गर्न अनुरोध गर्दथे ।

प्रजातन्त्र प्राप्तिका लागि २००७ सालको राणा विरोधी आन्दोलनमा तानसेनको शीतलपाटी क्षेत्रमा नेतृत्व गरेका घण्टप्रसाद पञ्चायतविरुद्धको आन्दोलन र जीवनको उत्तरार्द्धमा पनि निरन्तर राजनीतिक क्रियाशीलतामा हुनुहुन्थ्यो । नेकपा एमाले पाल्पाका सल्लाहकार घण्टप्रसाद अविचलित रुपमा वकालत गरिरहनुहुन्थ्यो । राजनीतिसँगै मदनपोखराको सामाजिक, विकासनिर्माण र वानी व्यवहार सुधारमा निरन्तर खटिरहनु भयो । नमूना गाउँ मदनपोखरा भ्रमणमा आउनेहरूका लागि मार्गदर्शन गर्नुहुन्थ्यो । मानिसहरू जन्मन्छन्, मर्छन् । कतिपय मानिसहरूको जीवन समाज र मानव सभ्यताका लागि योगदान गर्ने भएकाले अमरत्व प्राप्त गर्दारहेछन् । घण्टप्रसाद अर्याल त्यस्तै एउटा व्यक्ति हो जो नमूना गाउँ मदनपोखराको सच्चा कारक थियो भने राजनीतिक एवम् समाज सुधारक कर्ता थियो । अभियन्ता वा कार्यकर्ता वा नेता जुन अलंकार जोड्दा पनि स्व. घण्टप्रसाद अर्यालका लागि सुहाउँछ । उहाँको जीवन सार्थक बनेको छ । राणाशासन, प्रजातन्त्र उदय, पञ्चायत, बहुदलीय व्यवस्था एवम् प्रजातन्त्रको पुनःउदय, गणतन्त्र एवम् संघीय पुनःसंरचना सबै राजनीतिक परिदृश्यका अनुभवी घण्टप्रसाद पाल्पाली राजनीति र नेपाली वामपन्थी राजनीतिको एउटा दह्रो खम्बा इतिहास बनेको छ । उहाँका सत्कर्महरूको सम्झनासहित भावपूर्ण श्रद्धाञ्जली ।

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com